# निर्ब्याजी यात्रा ऋण कोष

IOM ले तपाईलाई तपाईको परिवारको लागि यात्रा खर्चको ब्यवस्था गर्न सहयोग गर्छ र तपाईको परिवारको यात्रा अघि, यात्रा अवधिमा र यात्रा पछि पनि सल्लाह र सहयोग प्रदान गर्छ।

## के तपाई तपाईको परिवारलाई अष्ट्रेलीया ल्याउन चाहानु हुन्छ ?

यदि तपाईले सफलतापूर्वक तपाईको परिवार वा साथीलाई Subclass 202 visa को माध्यमबाट प्रस्ताव गर्नु भयो भने निर्ब्याजी ऋणले सहयोग गर्न सक्छ।

कृपया तल उल्लेख भएका कागजपत्रहरु सुनिश्चित गर्नुहोला :

- निवेदकलाई सहयोग गर्न चाहने एउटा समूहको पत्र र तिर्नुपर्ने ऋण अवधि भरी IOM का लागि सम्पर्क स्थान।
- २०२ भिषा अर्न्तगत अनुमति पाएको एउटा स्पष्ट पत्रको प्रतिलिपि।

तपाईको निवेदन पुरा भएपछि तल उल्लेखित ठेगानामा पठाउनु होला।

IOM Canberra

PO Box 1009

CIVIC SQUARE ACT 2608 or

FAX it to 02 6257 3743

## अर्न्तराष्ट्रिय आप्रवासी सँगठन के हो ?

अर्न्तराष्ट्रिय आप्रवासी सँगठन त्यो सँगठन हो जसले शरणार्थीलाई पुर्नवास गर्ने देशसम्म सुरक्षित यात्राको लागि सहयोग गर्छ।

## यसले कसरी काम गर्छ ?

IOM को विनाब्याज यात्रा ऋण कोषले प्रस्तावकलाई subclass 202 visa द्वारा अष्ट्रेलीया जाने शरणार्थीको लागि चाहिने यात्रा खर्च जुटाउन सहयोग गर्छ।

यो कोषले यात्रा खर्चको ७५% प्रदान गर्छ जुन तपाईको परिवार वा साथी अष्ट्रेलिया आईपुगे पछि तिर्नुपर्छ।

त्यस्तै यात्रा खर्चमा सहयोग सँगै IOM ले तपाईको परिवार वा साथीको अष्ट्रेलीया सम्मको यात्रा अघि, यात्रा अवधिमा र यात्रा पछि पनि सल्लाह तथा सहयोग प्रदान गर्छ।

**को योग्य हुनुहुन्छ ?**

यदि तपाईको परिवार वा साथीले subclass 202 visa अर्न्तगत अनुमति पाए पछि मात्र यो र्निब्याजी ऋणको लागि निवेदन दिन योग्य हुनुहुन्छ ।

**मैले कसरी निवेदन दिनुपर्छ ?**

"Case Details Sheet" निवेदन फारम भर्नुहोला साथै तल उल्लेखित कागजपत्रहरु यो निवेदन फारम सँगै बुझाउनु पर्छ ।

- निवेदकलाई सहयोग गर्न चाहने एउटा समूहको पत्र र तिर्नुपर्ने ऋण अवधि भरी IOM का लागि सम्पर्क स्थान ।
- २०२ भिषा अर्न्तगत अनुमति पाएको एउटा स्पष्ट चिठिको प्रतिलिपि ।

यदि तपाईलाई अझ बढि सहायता वा जानकरी चाहिएमा कृपया IOM Canberra को सम्पर्क नं. मा 02 6267 6600 सम्पर्क गर्नुहोला ।

**यो ऋण तिर्न को जिम्मेवार हुन्छ ?**

मन्जुर गरिएको समय अवधिमा पूरै ऋण तिर्न प्रस्तावक वा 202 visa द्वारा जानु हुने ब्यक्ति वा समुह जिम्मेवार हुन्छ ।

यदि प्रस्तावकले यो अनुरोध गरेर छनौट गर्नुभयो भने अष्ट्रेलीया जानु हुने ब्यक्ति वा समुहले एउटा स्वीकृती पत्रमा हस्ताक्षर गर्नुपर्छ र उनीहरु नै यो ऋण तिर्न जिम्मेवार हुनसक्छन् ।

**मैले यो ऋण कसरी तिर्नपर्छ ?**

यो ऋण २ हप्तामा एक किस्ता Centerlink's Cerntrepay कटौती प्रणालीद्वारा तिरिन्छ । तपाईको यात्रा खर्च निश्चित भएपछि IOM ले तिर्नुपर्ने तालिकाको बारेमा सल्लाह दिन्छ । परिस्थितिमा परिवर्तन भएको यदि प्रस्तावक वा सहयोग गर्ने समुहले सल्लाह दिएमा यो तिर्नुपर्ने तालिका परिवर्तन हुन सक्छ ।